१४.२ निर्देशन १४.१ बमोजिमको कूल व्यवस्थापन खर्चलाई देहाय बमोजिम बाँडफाँड गर्नु पर्नेछ :

(क) कूल व्यवस्थापन खर्चको १०% रकम नाफा नोक्सान हिसाबमा सार्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम सारेर बाँकी रहेको व्यवस्थापन खर्चलाई देहायको सूत्र प्रयोग गरी प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबमा सार्नु पर्नेछ ।

$$\text{व्यवस्थापन खर्च} = \frac{\text{भार}}{\text{कूल भार}} \times \text{कूल व्यवस्थापन खर्च} \times ०.९०$$

स्पष्टिकरण : १) भार = सम्बन्धित बीमाको प्रत्यक्ष बीमाशुल्क - अभिकर्ता कमिशन - स्वास्थ्य परीक्षण शुल्क ।

२) कूल भार = प्रत्येक किसिमको बीमाको भारको योगफल ।

१४.३ निर्देशन १४.२ मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानूनी व्यवस्थाले तोकिदिएको हदभन्दा बढि ब्यवस्थापन खर्च भएको अवस्थामा त्यस्तो बढि ब्यवस्थापन खर्चलाई नाफा नोक्सान हिसावमा सारी बाँकी रहेको ब्यवस्थापन खर्चलाई निर्देशन १४.२ बमोजिम वाडफाँड गर्नु पर्नेछ ।

## १५ आयकरको बाँडफाँड गर्नु पर्ने :

१५.१ बीमकलाई लाग्ने कूल आयकर (स्थगन कर समायेजन गर्नु भन्दा पहिलाको) लाई देहायको सूत्र प्रयोग गरी नाफा नोक्सान हिसाब तथा आय व्यय हिसाबमा बाँडफाँड गर्नु पर्नेछ ।

$$\text{आयकर} = \frac{\text{भार}}{\text{कूल भार}} \times \text{कूल आयकर}$$

स्पष्टिकरण : १) नाफा नोक्सान हिसाबको भार = निर्देशन १३ को खण्ड (ख) को स्पष्टिकरण (३) बमोजिमको आम्दानी - निर्देशन १४.२ को खण्ड (क) बमोजिमको व्यवस्थापन खर्च ।

२) आय व्यय हिसाबको भार = निर्देशन १३ को खण्ड (ख) को स्पष्टिकरण (१) बमोजिमको आम्दानी - निर्देशन १४.२ को खण्ड (ख) बमोजिमको व्यवस्थापन खर्च ।

३) स्पष्टिकरण (१) वा (२) बमोजिम गणना गरिएको भार ऋणात्मक भएमा शुन्य सम्झनु पर्नेछ ।

४) कूल भार = प्रत्येक किसिमको बीमाको आय व्यय हिसाबको भारको योगफल + नाफा नोक्सान हिसाबको भार ।

१५.२ बीमकको स्थगन करलाई नाफा नोक्सान हिसाबमा जनाउनु पर्नेछ ।

## १६ लगानीको लेखाङ्कन गर्नु पर्ने :

१६.१ बीमकको लगानीको लेखाङ्कन देहाय बमोजिम गर्नु पर्नेछ :

१७.२ निर्देशन १७.१ बमोजिम प्रदान गरिएको कर्जा निष्कृय भएमा सो कर्जा बराबर रकम व्यवस्था गर्नु पर्नेछ । तर बीमकले बीमालेखको धितोमा प्रदान गरेको कर्जाको हकमा यो व्यवस्था लागू हुने छैन ।

स्पष्टीकरण : यस निर्देशनको प्रयोजनको लागि लगातार तीन महिना वा सो भन्दा बढी अवधिको भाका नाघेको कर्जालाई निस्कृय कर्जा सम्झनुपर्छ ।

१७.३ बीमकले बीमालेखको धितोमा प्रदान गरेको कर्जाको हकमा बीमालेखको शर्त बमोजिम त्यस्तो कर्जासंग सम्बन्धित बीमालेख जफत हुनु पर्ने समयावधि एकिन गरी जफत हुनु पर्ने बीमालेखको धितोमा प्रदान गरिएको कर्जालाई कर्जा शीर्षकबाट हटाइ समायोजन गर्नुपर्नेछ ।

१७.४ निर्देशन १७.३ बमोजिम कम्तिमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा जफत हुने बीमालेख एकिन गर्नु पर्नेछ ।

### १८ छुट्टा-छुट्टै जीवन बीमा कोष राख्नु पर्ने :

१८.१ बीमकले प्रत्येक किसिमको बीमाको लागि छुट्टा-छुट्टै जीवन बीमा कोष राख्नु पर्नेछ । तर मूल बीमालेखको पूरक करार बापतको कोषलाई सोही किसिमको बीमाको लागि खडा गरिएको कोषमा समावेश गर्न सकिनेछ ।

१८.२ बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाको लागि निर्देशन १८.१ बमोजिम खडा गरिएको कोषमा बीमा ऐन, २०४९ को दफा २२ बमोजिम तोकिएको रकम जम्मा गर्नु पर्नेछ ।

१८.३ बीमा अवधि समाप्ती (Maturity) बापत दावी भुक्तानी गर्नु पर्ने किसिमको बीमाको लागि निर्देशन १८.१ बमोजिम खडा गरिएको कोषमा देहायको रकम जम्मा गर्नु पर्नेछ :

(क) बीमा ऐन, २०४९ को दफा २२ बमोजिम तोकिएको रकम,

(ख) बीमाङ्कीको मूल्याङ्कन नभएको आर्थिक वर्षहरुको आय व्यय हिसाबबाट आएको सम्पूर्ण बचत (Surplus) रकम ।

(ग) बीमा समितिले समय-समयमा तोकिदिए बमोजिमको सोल्भेन्सी मार्जिन बापतको थप रकम ।

१८.४ बीमाङ्कीको मूल्याङ्कन प्रतिवेदन सम्बन्धमा बीमा समितिबाट दिइएको निर्देशन अनुसार जीवन बीमा कोषमा रहेको रकम बाँडफाँड गर्नु पर्नेछ ।

### १९ असमाप्त जोखिमको लागि व्यवस्था :

१९.१ बीमा अवधि समाप्ती वापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाको असमाप्त जोखिम वापत देहाय बमोजिम व्यवस्था गर्नु पर्नेछ ।

(क) बार्षिक वा सो भन्दा कम अवधिको बीमाशुल्क दर तोकिएको र बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाको असमाप्त जोखिम बापत खुद बीमाशुल्कको पचास प्रतिशत रकम वा बीमाङ्कीले निर्धारण गरिदिएको दायित्व मध्ये जुन बढि हुन्छ सो भन्दा कम नहुने रकम व्यवस्था गर्नु पर्नेछ ।

(ख) एकल बीमाशुल्क दर तोकिएको र बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाको बीमा अवधिको समानुपातिक हुनेगरी वा बीमाङ्कीले निर्धारण गरिदिएको

दायित्व मध्ये जुन बढि हुन्छ सो भन्दा कम नहुने रकम असमाप्त जोखिम बापत व्यवस्था गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस निर्देशनको प्रयोजनको लागि बीमा अवधिको समानुपातिक भन्नाले भुक्तानी भएको बीमा अवधि (महिनामा) र भुक्तानी हुन बाँकी बीमा अवधि (महिनामा) को समानुपातिक भन्ने सम्झनुपर्छ ।

१९.२ निर्देशन १९.१ बमोजिम असमाप्त जोखिमको लागि अघिल्लो आ.ब.मा व्यवस्था गरेको रकमलाई पछिल्लो आ.ब.मा आम्दानी जनाउनु पर्नेछ ।

२० **कानूनी विवाद भएको दायित्वको लागि व्यवस्था गर्नु पर्ने** : कानूनी विवाद भएको कुनै पनि दायित्वको लागि बीमकले पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

२१ **वित्तीय विवरणको ढाँचा** : बीमकको वित्तीय विवरणको ढाँचा परिशिष्ट-२ बमोजिम हुनेछ ।

२२ **वित्तीय विवरणको शीर्षकहरुको व्याख्या** : बीमकको वित्तीय विवरणमा समावेश हुने शीर्षकहरुको संक्षिप्त व्याख्या परिशिष्ट -३ बमोजिम हुनेछ ।

२३ **महा विपत्ती पुनर्बीमाशुल्क लेखाङ्कन गर्नु पर्ने** :

२३.१ बीमकले प्रत्येक किसिमको बीमा व्यवसायको लागि छुट्टा छुट्टै महा विपत्ती पुनर्बीमा व्यवस्था गरेको अवस्थामा महा विपत्ती पुनर्बीमा शुल्कलाई सम्बन्धित बीमा व्यवसायको आय व्यय हिसाव (अनुसूची १) को पुनर्बीमाशुल्क भुक्तानी शिर्षक अन्तर्गत खर्च जनाउनु पर्ने छ ।

२३.२ बीमकले दुई वा दुई भन्दा बढि किसिमको बीमा व्यवसायको लागि एउटै महा विपत्ती पुनर्बीमा व्यवस्था गरेको अवस्थामा महा विपत्ती पुनर्बीमा शुल्कलाई देहायको सुत्र प्रयोग गरि सम्बन्धित बीमा व्यवसायको आय व्यय हिसावमा बाँडफाँड गर्नु पर्ने छ ।

$$\text{महा विपत्ती पुनर्बीमा शुल्क} = \frac{\text{भार}}{\text{कूल भार}} \times \text{कूल महा विपत्ती पुनर्बीमाशुल्क}$$

स्पष्टिकरण :

(१) भार = सम्बन्धित बीमा व्यवसाय अन्तर्गत बीमकले धारण गरेको सम याट रिस्क (Sum at Risk),

(२) कुल भार = प्रत्येक सम्बन्धित बीमा व्यवसायको स्पष्टिकरण (१) बमोजिमको भारको योगफल

२४ **प्रचलित कानून बमोजिम दण्ड सजाय हुने** :

यस निर्देशनमा गरिएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने दण्ड सजायबाट बीमकले उन्मुक्ती पाएको मानिने छैन ।

## ३. बीमकको वासलातको ढाँचा :

| बीमकको नाम : |
|---|

**...................... को वासलात**

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **श्रोत** | | | |
| १ | चुक्ता पूँजी | १६ | | |
| २ | जगेडा तथा कोष | १७ | | |
| ३ | जीवन बीमा कोष | ११ | | |
| ४ | महा-विपत्ती जगेडा | १८ | | |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | १९ | | |
| | कूल श्रोत | | | |
| | **उपयोग** | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | २० | | |
| ७ | दिर्घकालिन लगानी | २१ | | |
| ८ | बीमालेखको धितोमा कर्जा | ३ | | |
| ९ | अन्य दीर्घकालिन कर्जा | २३ | | |
| | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु : | | | |
| १० | नगद तथा बैंक मौज्दात | २२ | | |
| ११ | अल्पकालिन लगानी | २१ | | |
| १२ | अन्य अल्पकालिन कर्जा | २३ | | |
| १३ | अन्य सम्पत्ती | २४ | | |
| | जम्मा (क) (१०+११+१२+१३) | | | |
| | चालु दायित्व तथा व्यवस्थाहरु : | | | |
| १४ | चालु दायित्व | २५ | | |
| १५ | असमाप्त जोखिम वापत व्यवस्था | २६ | | |
| १६ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | | |
| १७ | अन्य ब्यवस्था | २६क | | |
| | **जम्मा (ख) (१४+१५+१६+१७)** | | | |
| १८ | **खूद चालु सम्पत्ती (ग) = (क) - (ख)** | | | |
| १९ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरु | २७ | | |
| २० | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | | |
| | कूल उपयोग (६+७+८+९+१८+१९+२०) | | | |

संभावित दायित्वहरु तथा अनुसूची ३, ९, ११, तथा १६ देखि २९ सम्म यसका अभिन्न अंग हुन् ।

संभावित दायित्वहरु

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | | |
| २ | प्रत्याभुति प्रतिबद्धता | | |
| ३ | बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको | | |
| ४ | बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | | |
| ५ | अन्य (विवरण खुलाउने) | | |
| | **जम्मा** | | |

अनुसूची-२

लगानी, कर्जा तथा अन्यबाट आय

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीबाट आय | | |
| २ | वाणिज्य बैंकको मुद्दती निक्षेपबाट आय | | |
| ३ | विकास बैंकको मुद्दती निक्षेपबाट आय | | |
| ४ | नागरिक लगानी योजनाबाट आय | | |
| ५ | वित्तीय संस्थाको मुद्दती निक्षेपबाट आय | | |
| ६ | आवास वित्त कम्पनीको साधारण शेयरबाट लाभांश | | |
| ७ | अन्य पब्लिक कम्पनीको साधारण शेयरबाट लाभांश | | |
| ८ | बैंक तथा वित्तीय संस्थाको अग्राधिकार शेयरबाट लाभांश | | |
| ९ | बैंक तथा वित्तीय संस्थाको डिवेन्चरबाट आय | | |
| १० | अन्य (विवरण खुलाउने) बाट आय | | |
| ११ | कर्जाबाट आय | | |
| १२ | अन्य निक्षेपबाट (मुद्दती बाहेक) आय | | |
| १३ | लगानी बिक्रीमा नाफा<br>न्यून लगानी बिक्रीमा नोक्सान | | |
| १४ | लगानी (खरीद) मा नाफा<br>न्यून लगानी (खरीद) मा नोक्सान | | |
| १५ | स्थिर सम्पत्ती बिक्रीबाट नाफा<br>न्यून स्थिर सम्पत्ती बिक्रीबाट नोक्सान | | |
| १६ | खाता अपलेखन | | |
| १७ | अघिल्ला वर्षसंग सम्बन्धित आय | | |
| १८ | अन्य आय | | |
| जम्मा | | | |
| लगानी, कर्जा तथा अन्यबाट आयको बाँडफाँड | | | |
| | नाफा नोक्सान हिसाबमा सारेको | | |
| | ………… को आय व्यय हिसाबमा सारेको | | |
| | ………… को आय व्यय हिसाबमा सारेको | | |
| | | | |
| जम्मा | | | |

अनुसूची-३

बीमालेखको धितोमा कर्जा र आय

| क्र.सं. | बीमाको किसिम | बीमालेखको धितोमा कर्जा | | बीमालेखको धितोमा कर्जाबाट आय | |
|---|---|---|---|---|---|
| | | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष |
| | …………. बीमा | | | | |
| | …………. बीमा | | | | |
| | …………. बीमा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची-५

## अभिकर्ता कमिशन

| क.सं. | बीमाको किसिम | प्रथम बर्षको बीमाशुल्कमा अभिकर्ता कमिशन | | नवीकरण बीमाशुल्कमा अभिकर्ता कमिशन | | एकल बीमाशुल्कमा अभिकर्ता कमिशन | | जम्मा अभिकर्ता कमिशन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| | | | | | | | | | |
| | | | | | | | | | |
| जम्मा | | | | | | | | | |

अनुसूची-६

## सेवा शुल्क (खुद)

| क.सं. | बीमाको किसिम | कूल सेवा शुल्क | | कूल सेवा शुल्कमा पुनर्बीमकको हिस्सा | | सेवा शुल्क (खूद) | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| | ........बीमा | | | | | | |
| | ........बीमा | | | | | | |
| जम्मा | | | | | | | |

अनुसूची- ७

## व्यवस्थापन खर्च

| क.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | कर्मचारी खर्च (अनुसूची ७.१ बमोजिम) | | |
| २ | घर भाडा | | |
| ३ | बिजुली तथा पानी | | |
| ४ | मर्मत तथा सम्भार<br>(क) भवन<br>(ख) सवारी साधन<br>(ग) कार्यालय उपकरण<br>(घ) अन्य | | |
| ५ | संचार | | |
| ६ | छपाई तथा मसलन्द | | |
| ७ | खर्च हुने कार्यालय सामान | | |
| ८ | परिवहन | | |
| ९ | भ्रमण खर्च (भत्ता समेत)<br>(क) आन्तरिक<br>(ख) वैदेशिक | | |
| १० | अभिकर्ता तालिम | | |
| ११ | अभिकर्ता अन्य | | |
| १२ | बीमाशुल्क | | |
| १३ | सुरक्षा खर्च | | |
| १४ | कानूनी तथा परामर्श शुल्क | | |
| १५ | पत्र पत्रिका तथा पुस्तक | | |

## अनुसूची-१०

### आय व्यय हिसाबहरुबाट नाफा नोक्सान हिसाबमा सारेको रकम

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १. | .................... को आय व्यय हिसाबबाट सारेको | | |
| २. | .................... को आय व्यय हिसाबबाट सारेको | | |
| ३. | | | |
| ४. | | | |
| | | | |
| जम्मा | | | |

## अनुसूची- ११

### जीवन बीमा कोष

| क्र.सं. | बीमाको किसिम | समायोजन अगाडीको जीवन बीमा कोष (वर्षको शुरुमा) | | आय व्यय हिसाबबाट सारेको | | नाफा नोक्सान हिसाबबाट सारेको | | जगेडा कोषबाट सारेको | | समायोजन अगाडीको जीवन बीमाकोष (वर्षको अन्त्यमा) | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | | गत वर्ष | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १. | | | | | | | | | | | |
| २. | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| जम्मा : | | | | | | | | | | | |

### जीवन बीमा कोषमा समायोजन

| क्र.सं. | बीमाको किसिम | समायोजन अगाडीको जीवन बीमा कोष (वर्षको अन्त्यमा) | | नाफा नोक्सान हिसाबमा सारेको | | बीमालेख अन्तर्गत दायित्व | | बोनसको लागि व्यवस्था | | सोल्भेन्सी मार्जिनको लागि व्यवस्था | | बाँडफाँड नगरिएको रकम | | वर्षको अन्त्यमा जीवन बीमा कोष | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष | यस बर्ष | गत बर्ष |
| १. | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| जम्मा : | | | | | | | | | | | | | | | |

# अनुसूची ३०
## प्रमुख सूचकाङ्कहरु

| क्र.सं. | विवरण | सूचकाङ्क | आ.ब. | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| १ | नेट वर्थ | रु. | | | | | |
| २ | शेयर संख्या | संख्या | | | | | |
| ३ | प्रति शेयर कितावी मूल्य | रु. | | | | | |
| ४ | खूद नाफा | रु. | | | | | |
| ५ | प्रति शेयर आय (EPS) | रु. | | | | | |
| ६ | प्रति शेयर लाभांश (DPS) | रु. | | | | | |
| ७ | प्रति शेयर बजार मूल्य (MPPS) | रु. | | | | | |
| ८ | मूल्य आम्दानी अनुपात (PE Ratio) | अनुपात | | | | | |
| ९ | प्रथम बर्षको बीमाशुल्क | रु. | | | | | |
| १० | कुल बीमाशुल्क | रु. | | | | | |
| ११ | खूद बीमाशुल्क/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १२ | खूद नाफा/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १३ | कुल बीमाशुल्क/कुल सम्पत्ति | प्रतिशत | | | | | |
| १४ | लगानी र कर्जाबाट आय/कुल लगानी र कर्जा | प्रतिशत | | | | | |
| १५ | कुल लगानी र कर्जा/जीवन बीमाकोष | प्रतिशत | | | | | |
| १६ | पुनर्बीमा कमिशन आय/कुल पुनर्बीमाशुल्क | प्रतिशत | | | | | |
| १७ | व्यवस्थापन खर्च/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १८ | बीमा अभिकर्ता सम्बन्धि खर्च/कुल बीमाशुल्क | प्रतिशत | | | | | |
| १९ | बीमा अभिकर्ता संख्या | संख्या | | | | | |
| २० | कर्मचारी संख्या | संख्या | | | | | |
| २१ | कार्यालयको संख्या | संख्या | | | | | |
| २२ | कर्मचारी खर्च/व्यवस्थापन खर्च | प्रतिशत | | | | | |
| २३ | कर्मचारी खर्च/कर्मचारी संख्या | रु. | | | | | |
| २४ | भुक्तानी हुन बाँकी दावी रकम/भुक्तानी भएको दावी रकम | प्रतिशत | | | | | |
| २५ | कुल कायम रहेको बीमालेखको संख्या | संख्यामा | | | | | |
| २६ | यस वर्ष नवीकरण भएको बीमालेखको संख्या/गत वर्ष कायम रहेको बीमालेखको संख्या | प्रतिशत | | | | | |
| २७ | दावी परेको बीमालेखको संख्या/कुल कायम रहेको बीमालेखको संख्या | प्रतिशत | | | | | |
| २८ | सोल्भेन्सी मार्जिन | प्रतिशत | | | | | |
| २९ | घोषित बोनस दर | रु. प्रतिहजार | | | | | |
| ३० | अन्तरिम बोनस दर | रु. प्रतिहजार | | | | | |

११ पुनर्बीमा कमिशन खर्च : बीमकले पुनर्बीमा स्वीकार गरे बापत भुक्तानी गर्नु पर्ने कमिशन रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१२ सेवा शुल्क (खुद) : बीमा समितिलाई बुझाउनु पर्ने कूल सेवा शुल्कबाट पुनर्बीमकको हिस्सा कट्टा गरी बाँकी रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१३ अन्य प्रत्यक्ष खर्च : बीमाको किसिमसंग प्रत्यक्ष रुपले सम्बन्धित रहेको अन्य खर्चलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१४ व्यवस्थापन खर्च : निर्देशन १४ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१५ आयकर : (१) बीमकको आयकर दायित्वलाई निर्देशन १५ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ । यसको विवरण परिशिष्ट २ को अनुसूची ८ बमोजिम हुनु पर्नेछ ।

(२) अघिल्ला वर्ष(हरु) को आयकर दायित्वलाई परिशिष्ट २ को अनुसूची ८ को “अघिल्ला वर्षहरुको आयकर” शीर्षकमा जनाउनु पर्नेछ । तर त्यस्तो आयकरमा लागेको दण्ड/जरिवाना/विलम्ब शुल्कलाई नाफा नोक्सान हिसाबको “अघिल्ला वर्षसंग सम्बन्धित खर्च” शीर्षकमा जनाउनु पर्नेछ ।

१६ आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था : आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकी मृत्यु दावी, अवधि समाप्ती दावी, आंशिक अवधि समाप्ती दावी, समर्पण मूल्य दावी, अन्य दावी तथा श्रृजना भएको तर जानकारीमा नआएको दावीको योगफलमा बीमा नियमावली, २०४९ को नियम १५ को खण्ड (घ) बमोजिमको रकम थप गर्दा हुन आउने रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

बीमकको अनुभवको आधारमा सृजना भएको तर जानकारीमा नआएको दावीको लागि रकम ब्यवस्था गर्नु पर्नेछ ।

१७ आर्थिक वर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था : बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाको असमाप्त जोखिम बापत निर्देशन १९ बमोजिम व्यवस्था गरी आएको रकम यस शीर्षकमा जनाउनु पर्नेछ ।

१८ जीवन बीमा कोष/नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान) : (१) बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु पर्ने किसिमको बीमाको आय व्यय हिसाबबाट बचत (surplus) भएको अवस्थामा यस शीर्षकलाई “जीवन बीमा कोषमा सारेको बचत” कायम गरी त्यस्तो बचत रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

(२) बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु पर्ने किसिमको बीमाको आय व्यय हिसाबबाट नोक्सान भएको अवस्थामा यस शीर्षकलाई “नाफा नोक्सान हिसाबमा सारेको नोक्सान” कायम गरी त्यस्तो नोक्सान रकमलाई यस शीर्षकमा ऋणात्मक रुपमा जनाउनु पर्नेछ ।

(३) बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाको आय व्यय हिसाबको यस शीर्षकलाई “नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)” कायम गरी रकम जनाउनु पर्नेछ ।

(ख) नाफा नोक्सान हिसाब तथा सम्बन्धित अनुसूचीका शीर्षकहरुको संक्षिप्त व्याख्या :

१ आय व्यय हिसाबबाट सारेको : बीमा अवधि समाप्ती बापत दावी भुक्तानी गर्नु नपर्ने किसिमको बीमाहरुको आय व्यय हिसाबबाट "नाफा नोक्सान हिसाबमा सारेको बचत/(नोक्सान)" रकमहरुको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

२ जीवन बीमा कोषबाट सारेको : प्रचलित कानूनी व्यवस्था बमोजिम बीमकको दायित्वको लेखाजोखा सम्बन्धी बीमाङ्कीको प्रतिवेदन समेतको आधारमा जीवन बीमा कोषबाट नाफा नोक्सान हिसाबमा सार्नका लागि समितिले स्वीकृति प्रदान गरेको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

३ लगानी कर्जा तथा अन्यबाट आय : निर्देशन १३ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

४ व्यवस्था फिर्ता : लगानीमा नोक्सानीको लागि गरिएको व्यवस्था, कर्जामा नोक्सानीको लागि गरिएको व्यवस्था, शंकास्पद आसामीको लागि गरिएको व्यवस्था तथा अन्यको लागि गरिएको व्यवस्था रकम आंशिक वा पूर्णरुपले कायम राख्नु पर्ने अवस्था नरहेमा त्यस्ता रकमहरुलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

५ अन्य आम्दानी : बीमा व्यवसायसंग सरोकार नभएको पूर्व संचालन आम्दानी जस्ता आम्दानीहरुको योगफललाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

६ व्यवस्थापन खर्च : निर्देशन १४ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

७ अपलेखन खर्च : प्रारम्भिक खर्चहरु, पूर्व संचालन खर्चहरु, पर सारिएका खर्चहरु, लगानी, कर्जा, आसामी तथा अन्य अपलेखन गरिएको खर्चलाई यस शीर्षकमा जनाउनु पर्नेछ । तर संस्थापक, संचालक तथा उच्च व्यवस्थापक वा निजहरुसंग सम्बन्धित व्यक्ति/संस्था सम्बन्धी आसामी अपलेखन गर्न पाइने छैन ।

८ अन्य खर्चहरु : प्रचलित कानून बमोजिम बीमा समिति तथा अन्य निकायले बीमकलाई तोकेको दण्ड, जरिवाना, बीमकले उपयोग गरेको सेवाको बुझाउनु पर्ने शुल्क समयमा नबुझाए बापत तिर्नु पर्ने विलम्ब शुल्क, जरिवाना लगायतका खर्चहरु यस शीर्षकमा जनाउनु पर्नेछ ।

९ नोक्सानीको लागि व्यवस्था : लगानीमा नोक्सानीको लागि व्यवस्था, कर्जामा नोक्सानीको लागि व्यवस्था, शंकास्पद आसामी व्यवस्था तथा अन्य व्यवस्थालाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

१० आयकर : बीमकको निर्देशन १५ बमोजिम बाँडफाँड गरी आएको रकमलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

११ जीवन बीमा कोषमा सारेको : बीमकको दायित्वको लेखा जोखा गरी बीमाङ्कीले दिएको मूल्याङ्कन प्रतिवेदन समेतको आधारमा समितिले दिएको आदेश/निर्देशन बमोजिम जीवन बीमा कोषमा सारेको रकमलाई यस शीर्षकमा देखाउनु पर्नेछ । यसरी जीवन बीमा कोषमा सारेको रकम नाफा नोक्सान हिसाबमा फिर्ता गर्न पाइने छैन ।

१२ अघिल्ला वर्षसंग सम्बन्धित खर्च : अघिल्ला वर्ष(हरु)को आयकरमा लागेको दण्ड/जरिवाना/विलम्ब शुल्क तथा अघिल्ला वर्षहरुमा लेखाङ्कन गर्न छुटेका खर्चहरु लगायतका अघिल्ला वर्षसंग सम्बन्धित खर्चलाई यस शीर्षकमा जनाउनु पर्नेछ ।

